कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष २ अंक ७७ ने. सं. ११३३ पोहेलाथ्व द्वादशी बुधवाः २०६९ माघ १० गते बुधवार (Jan - 23, 2013) मुल्य : ५/– (न्यातका)

## कीर्तिपुरमा नेवाः एकता दिवस भब्य रुपमा सम्पन्न

# पार्टीको लाइन भन्दा फरक ढंगवाट प्रस्तूत

**कीर्तिपुर सन्देश/**

नेवारहरूले जनस्तरबाट २०६५ साल पुस ११ गते ( पोहेलाथ्व नवमि ११३०) मा नेवाः स्वायत्त राज्यको घोषणा गरेको तिथि पारेर हरेक वर्ष नेवाः एकता दिवस मनाउने क्रममा गत माघ ७ गते कीर्तिपुरको तःगःवपिमा तेस्रो नेवाः एकता दिवस भब्य रुपमा मनाइयो ।

कीर्तिपुरको ताँल्चामा भेलाभै सुरु भएको सांस्कृतिक र्‍यालीले पाँगा, नगाउँ र कीर्तिपुरको विभिन्न ठाउँको परिक्रमा गरी तःगःवःपि (नगाउँ दोबाटो)मा पुगी सभामा परिणत भएको थियो ।

नेवाः स्वायत्त राज्य मंकाः परिषद कीर्तिपुरको संयोजन र नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिको आयोजनामा भएको कार्यक्रममा प्रमुख राजनीतिक दलका नेताहरूले बोल्नु भएको थियो। नेवाः स्वायत्त राज्य संघर्ष समितिका अध्यक्ष गजेन्द्र मानन्धरको सभापतित्वमा भएको कार्यक्रमको संञ्चालन के.वी. घःजुले गर्नु भएको थियो । स्वागत मन्तव्य नेवाः स्वायत्त राज्य मंकाः परिषद कीर्तिपुरका अध्यक्ष मण्डलका अध्यक्ष पञ्चलाल महर्जनले दिनु भएको थियो ।

उक्त सभामा एनकपा ( माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेपालको हरेक राजनैतिक आन्दोलनमा अग्रणी भूमिका निभाउने कीर्तिपुरवासीले उत्पिडित जनताको अधिकारको

बाँकी ३ पेजमा.......




## शीर्ष नेताहरु बैद्य, कोइराला, खनाल र ठाकुर किन आएन ?

कीर्तिपुरमा भएको नेवाः एकता दिवसमा प्रमुख दलका शीर्ष नेताहरू सहभागी हुने भनी प्रचार गरिएतापनि शीर्ष नेताहरूमा एकीकृत माओवादीका अध्यक्ष प्रचण्ड बाहेक अरु नआएको कारण के होला भनी कीर्तिपुरवासीले प्रश्न गर्न थालेका छन् । नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठक जारी रहेको भनी सो पार्टीका सभापति सुशील कोइराला उपस्थिति हुनु भएन । कांग्रेसभित्रको संघीयताको सवालमा पहिचनलाई आधार मान्नु पर्ने भन्ने कुरामा स्पष्ट दृष्टिकोण राख्दै आएका नेता नरहरी आचार्यलाई पठाएको हुन सक्ने अनुमान गर्न थालेको छ । त्यसै गरी एमालेको तर्फवाट अध्यक्ष झलनाथ खनालको ठाउँमा वैकल्पिक केन्द्रीय सदस्य भएतापनि जीवनराम श्रेष्ठलाई पठाएको कारण भने नेवार समुदायको भावना जित्नको लागि उहाँलाई पठाएको हुनसक्ने अनुमान गर्न थालेको छ। त्यसै गरी नेकपा–माओवादीका अध्यक्ष मोहन बैद्य किरण पनि पार्टीको बैठक भएको कारणले उपस्थिति हुन नसकेको बताउदै आफ्नो शुभकामना मन्तब्य मात्र पठाएको थियो । मधेसी मोर्चाको तर्फवाट महन्थ ठाकुर भने आफ्नो राजनीतिक थलो उपत्यका नभई मधेस भएका कारणले उपस्थिति नहुनुभएको अनुमान गर्न थालेको छ। जे होस कांग्रेस र एमालेले पहिचानको आधारमा राज्य पुनर्संरचना विरोधी नेताहरुलाई नपठाई पहिचानलाई स्वीकार गर्ने नेताहरुलाई पठाएको कारणले नेवाः समुदायले सकारात्मक रुपमा नै लिएको छ भन्दा केही फरक नर्पला ।

## लोड सेडिङ NO चिन्ता



इर्न्भटर




ब्याट्री

**किस्ताबन्दीमा पनि उपलब्ध**

**होलसेल मूल्यमा**



जेनेरेटर

**दर्शन मोवि केयर प्रा. लि.**

**नयाँबजार, कीर्तिपुर, फोन : ४३३६७७६**

## खुल्यो ! खुल्यो !!

कीर्तिपुरमा नयाँ पार्टी प्यालेस

**'कीर्तिपुर पार्टी प्यालेस'**को बुकिङ खुल्यो ।

५०० जनाको क्षमता भएको साथै पार्किङ्गको पनि व्यवस्था छ ।

साथै **कीर्तिपुर सपिङ्ग कम्प्लेक्स** संचालन भैरहेकोले सटरहरू भाडामा वितरण भैरहेकोछ । सटरहरू सिमित मात्र बाँकी छ ।

**कीर्तिपुर पार्टी प्यालेस**

नयाँबजार, पांगादोवाटो

माइक्रो बस स्टप, कीर्तिपुर

सम्पर्क फोन ९८५१०५३७७५/९८५१०४०४७७

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# दिवसमा कीर्तिपुरवासीको उत्साहजनक सहभागीता

**गत पोहेलाथ्व नवःमि अर्थात माघ ७ गते आइतवार ऐतिहासिक नगर कीर्तिपुरमा नेवाः एकता दिवस मनाउन कीर्तिपुरवासीको उत्साहजनक सहभागीता रहेकोले नेवाः स्वाय्त्त राज्यको आन्दोलनमा क्रियाशिल अगुवाहरु उत्साहित भएका छन्। नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिको आयोजनामा र नेवाः स्वायत्त राज्य मंकाः परिषद् कीर्तिपुरको संयोजनमा भएको सो एकता दिवसमा कीर्तिपुरका अधिकांश सांस्कृतिक बाजा समूहदेखि महिला समूहहरु सहभागी भएका कारण एक ढंगवाट कीर्तिपुरवासी नेवाः स्वायत्त राज्य आन्दोलनका लागि एकमत भएको आभाष हुन थालेको छ।**

**राजनीतिक रुपमा विभाजित भएपनि नयाँ बन्ने संविधानमा आफ्नो हक अधिकार सुनिश्चित गर्न कीर्तिपुरवासी एकजुट हुनका लागि तयार रहेको सो दिवसले सन्देश दिएको छ। कीर्तिपुरमा पहिचानको आधारमा संघीयता अर्थात नेवाः स्वायत्त राज्यको विपक्षमा रहेका स्थानीय नेताहरु पनि नभएको भने हैन। यस्तो अवस्थामा कीर्तिपुरका जनता एकमत भएका कारण स्वयं प्रमुख राजनीतिक दलका सबै जसो नेताहरुले एउटै स्वर मा नेवाः स्वायत्त राज्यको लागि आफूहरुको प्रतिबद्धता रहेको सन्देश दिएका कारण ती पार्टी जस्ले पहिचानको आधारमा र ाज्य पुनर्संरचनालाई स्वीकार नगरी अर्थात नेवाः स्वायत्त राज्य अस्वीकार गर्दै आएका नेताहरुको पछि लाग्ने कीर्तिपुरका स्थानीय नेताहरुलाई समेत ठूलो धक्का पुगेको छ।**

**नेवाः एकता दिवसको शुभकामना दिने क्रममा कीर्तिपुर मा एकीकृत माओवादी, नेकपा–माओवादी, संघीय समाजवादी पार्टी र नेपाः राष्ट्रिय पार्टीले सार्वजनिक स्थानमा ब्यानर राखेका थिए भने नेपाली कांग्रेस र एमालेको तर्फवाट एउटा पनि ब्यानर नराखेको कारण कतै ती पार्टीका केही केही स्थानीय नेताहरु नेवाः स्वायत्त राज्य विरोधीत हैन भनी कीर्तिपुरवासीलाई सोच्न बाध्य बनाइएको छ। जे भएपनि यसपालिको नेवाः एकता दिवसले नेवाः स्वायत्त राज्यका लागि कीर्तिपुरवासी एकमत भएको सन्देश दिन सफल भएको छ।**

# नेपालभाषा आन्दोलन

**— सानुराजा शाक्य**

(नेपालभाषा आन्दोलनया बारे सानुराजा शाक्यया ने.सं. ११३१ बछलागा पिदंगु सफू 'नेपालभाषा आन्दोलन' सिइकेत भीसँ ब्वने हे माःगु तायेका व सफुतिं ल्हययाः कयागु खः -सम्पादक)

**म्हसीका**

नेपाः छगू बहुजातीय व बहुभाषिक व बहुधार्मिक अल्पसंख्यकतय्गु देय् खः। उकी मध्ये नेपाःया छगू महत्वपूर्ण जाति नेवाः खः। नेपाःया केन्द्र नेपाःया र ाजधानी नेपाःगालय् आदिकालंनिसें च्वनावयाच्वंगु छगू जक जाति नं नेवाः खः। नेवाःतय् भाषा, संस्कृति कलाकौशलं नेपाः देय् धनी जूगु दु। नेवाःतय् मातृभाषा नेपालभाषा खः। नेपालभाषाया ताहाकःगु इतिहास दु। पृथ्वीनारायण शाहं ८८० दँय् नेपाः त्याका कासांनिसें नेवाःतय् मातृभाषायात राज्यय् मल्लकालय् थें सम्मान मदयावन। लिपा राणातय्गु कालय् नेपालभाषां च्वयातःगु लिखत भ्वंयात सरकारी ज्याय् मान्यता मन्त। थ्व जुया नेवाःतसें नेपालभाषा छ्यलेगु त्वःता वनाच्वंगु खनाः निष्ठानन्द बज्राचार्य, सिद्धिदास, जगतसुन्दर मल्ल व योगवीरसिंपिंसं भाषा म्वाकेगु निंतिं याःगु कुतलं नेपाल भाषा आन्दोलनया पुसा पिल।

नेवाःतसें नेपालय् राजनीतिक हिउपाःहयेत यक्व बलिदान बियावंगु दुसां गबलें नीति निर्माण तहलय् नेवाः जाति व भाषायात राज्यं स्वीकार मयागुलिं नेवाःतसें आन्दोलन यानावयाच्वंगु खः। थुकथं पीडित नेवाःतसें जुजुं प्रजायात बिउगु सास्नायात म्येया मार्फत विरोध क्य क्यँ थःपिसं हे मातृभाषां साहित्य सिर्जना यायेगु शुरुवात यात। लिपा भाषाया माध्यमं हे राणा शासनया विरोध क्रान्तिया आह्वान तकं यात। नेपाःया प्रत्येक राजनीतिक संघर्षय् नेवाः न्हयलुवात न्हयःने लाः उकथं हे भाषा व जातीय आन्दोलनय् नं नेवाःत ऐतिहासिक इलंनिसें हे न्ह्याःने लाःगु समुदाय खः।

ने.सं.१११० दँय् वःगु राजनीतिक हिउपाः लिपा नेपालय् पहिचानया आन्दोलन बिस्कं थाय् काल। नेपाः छगू बहुजातीय, बहुभाषिक व बहुधार्मिक राष्ट्र जूगुलिं थी थी भाषाभाषी व जातीय पुचःतय्पाखें थःथःगु भाषा जातिया राजनीतिक पहिचान मालेगु ज्या जुल। नेपाःया जातीय आन्दोलन विशिष्टता काय् न्ह्यः थ्व आन्दोलनयात सयौं दँनिसें भाषा आन्दोलनयापाखें निरन्तरता बीगु ज्या याःपिं नेपाःया छगू जक जाति नेवाः खः। नेवाःतसें भाषिक आन्दोलनया मार्फत थःगु मांभाय्यात म्वाका तय्गु ज्या याःगु खः। नेवाःतसें भाषिक आन्दोलन मार्फत थःगु जातीय पहिचान थनेत व अन्ततः जातीय अधिकार नं माः धकाः थनेत सफल जूगु आन्दोलन खः। थ्व आन्दोलन नेवाःतय् निंतिं जक मखुकि नेपाःया हे आदिवासी जनजातिया आन्दोलनय् अले राजनीतिक आन्दोलनय् तकं महत्वपूर्ण जुयावन। नेपाःया मेमेगु आदिवासी जनजाति पुचःतय्त थःगु अधिकार या निंतिं थनेत नेवाःतसें याःगु भाषिक आन्दोलनं नं यक्व तिबः बिउगु दु।

थःगु मांभाय् नेपालभाषा तनावने त्यंगुलिं भाषायात म्वाकातय्त नेवाःतसें न्ह्याकूगु अभियान हे नेपाःया सन्दर्भय् नेवाःतय् भाषिक आन्दोलन खः। लिपा थुगु आन्दोलनय् भाषिक आधारय् जातीय अधिकारनाप स्वाना राजनीतिक आन्दोलनया हे स्वरुपय् नेवाःतय् भाषिक आन्दोलनया विकास जुल। थ्व थौंया सन्दर्भय नेवाः आन्दोलनया परिभाषा दुने लाः। जातीय, भाषिक पहिचानया नापनापं थःगु जातीय अधिकार या निंति नेवाःतसें आन्दोलनया शुरुवात याःगु खः। ने.सं.१०९९ दँय् विद्यार्थीतसें न्ह्याकूगु आन्दोलनया लिच्वः कथं जनमत संग्रहया घोषणा जुयाः राजनीतिक वातावरण भतिचा छ्वासुइवं १०९९ दिल्लाय् नेपालभाषा मंकाः खलः स्वन। मंकाः खलः स्थापनां नेपालभाषा व नेवाः आन्दोलनयात छत्वाथः थकाय्गु ज्या जुल। नेपाल संवतयात राष्ट्रिय मान्यता बीमाःगु माग तया नेवाःतय् सांस्कृतिक पक्षयात ल्हवनाः नेपालभाषा मंकाः खलः नं आम नेवाःतय् ध्यान सालेगु न्हूगु ज्या यात। नेपालभाषा मंकाः खलकं नेपाल संवत्या न्हूदँ म्हपुजाखुन्हु भिन्तुना जुलुसकथं नेवाःतय्त सतकय् ब्वनाहल। उगु जुलुसं भाषा म्वाःसा जाति म्वाइ धकाः भाषिक सन्देश नं बिल। फुक्क भाषायात समान अधिकार दय् हे माः धैगु नारा राजनैतिक अधिकारया सः थ्वय्काः अधिकारवादी आन्दोलन यानाः सरकारयात दबाव नं बिल।

नें.सं.१११० दँया राजनैतिक हिउपालं संघ संस्था चाय्काः थःगु भाषिक व जातीय गतिविधि याय्त पंगः मन्त। राजनैतिक हिउपाः लिपा न्हूगु संविधान दय्केत गठन याःगु संविधान सुझाव आयोगं सुझाव मुंकेगु घोषणा याःगु इलय् प्रजातान्त्रिक न्हूगु संविधानय् धर्म निरपेक्ष राष्ट्र जुइमाः धैगु मूल माग व भाषा व जातीय अधिकार सुनिश्चित याय्गु खँय् नेवाः खलः पुचःतसें नं सुझाव बीगु क्रम शुरु यात। ने.सं.१११० दँया राजनैतिक हिउपाः धुंकाः थःगु जातीय पहिचान व अधिकार काय्त नेपालभाषा मंकाः खलःया सक्रियताय् नेवाः, मगः, तामाङ्ग, थारु, थकाली, गुरुङ्ग व किराँती जातिया प्रतिनिधित मुनाः नेपाल जनजाति महासंघ स्थापना यात। नेवाःतय्गु राष्ट्रिय संगठनया आवश्यकता वाःचाःगुलिं नेपालभाषा मंकाः खलःया सक्रियताय् हे ने.सं.१११५ दँया यँलाय् जूगु न्हापांगु नेवाः राष्ट्रिय सम्मेलनं नेवाः देय् दबू स्वन। नेपाल आदिवासी जनजाति महासंघय् लिपा नेवाःतय्गु राष्ट्रिय संगठन नेवाः दे दबू नं हे प्रतिनिधित्व यात। ने.सं.११०० दँ धुंकाः नेवातय्के राष्ट्रिय दनावःगु भाषिक व जातीय चेतनां नेवाःतसें भी नेवाः खः धाय्फत गेल्नर, २००८/ ११२८:१८०)। थुकथं ने.सं. १११० दँ धुंकाः जक नेवाःतय् राष्ट्रिय संगठन कथं नेवाः देय् दबूया विकास जुल। नेवाः आन्दोलनय् नेवाः देय् दबुया थापना न्हयःतक भाषा, साहित्य, संस्कृति व धर्म सम्बन्धी हे आन्दोलन अप्वः केन्द्रीत जुल। (राजवंशी, १११९:४७)। नेवाः देय् दबू स्वनेधुंकाःनिसें नेवाःतय् भाषिक आन्दोलन समग्र जातीय अधिकारया खँय् पलाः छिइत लुखा चाल।

आन्दोलनया अर्थ व परिभाषा

नेवाः जातिनाप स्वाना जूगु आन्दोलनया नं थःगु हे परिभाषा दु। नेपाली वृहत शब्दकोश (१११६:११०)य् आन्दोलनया परिभाषा 'जनमानसयात उतेजित याय्गु वा छुं आवेगपूर्ण व अशान्त परिस्थिति ब्वलंकेत याइगु ज्या, हलचल, उथलपुथल, होहल्ला' धकाः च्वयातःगु दु। तर थ्व परिभाषां आन्दोलनया नकरात्मक पक्षयात जक कुलातल। बःचाधंगु नेवाः खँग्वः धुकुती जनमानसयात उत्तेजित याइगु, आवेशपूर्ण वा छुं ज्या खँया विरोधय् असन्तोष प्वंकेगु ज्या, हलचल धकाः आन्दोलनया परिभाषा न्हयथनातःगु दु।(जोशी ११०७:३१)। आन्दोलन नकारात्मक जक जुइमखु, आन्दोलन न्यायपूर्ण व सकारात्मक नं जुइ। आन्दोलन मनूतय्गु राजनीतिक सक्रियतायात ग्वाकेत उमिगु चेतना व मनोदसायात प्रभावित याइगु मौखिक, मुद्रित व दृष्यगत र ाजनीतिक क्रियाकलाप खः (वोल्कोभ, ११०५:१७)। आन्दोलन धैगु हिउपाः हय्त याइगु प्रतिवद्ध सशक्त ज्या खः। आन्दोलन राजनीतिक स्वभावया जुइ। आन्दोलन धैगु हिउपाःया नितिं तःजिक न्ह्याकीगु संघर्ष खः (शाक्य, क १११८:२)। साम्प्रदायिक आन्दोलन थःगु जक हित व मेपिनिगु अहित स्वइ तर जनजाति आन्दोलन मेपिनिगु अहित याइमखु (तामाङ, क १११८:३८)। नेपालय् जातीय आन्दोलन ब्वलंगु कारण नेपाःया सन्दर्भय् हिन्दू उच्चजातीय अहंकार वाद या कारण खः (अधिकारी, ११२१:६६)।

कथंहं.........

# यो रसिदको पैसा कहाँ गयो ?


बाघ भैरव मुर्ति जिर्णोद्धार समिति
कीर्तिपुर, काठमाण्डौं
888
सहयोग रसिद

**कीर्तिपुर सन्देश/**

कीर्तिपुरवासीको आराध्यदेव, आजु [redacted] जिर्ण हुन गएकोले त्यसको जिर्णोद्धार गर्न बाघ [redacted] समितिको निर्माण गरियो। सो जिर्णोद्धार समितिले [redacted] गर्न आर्थिक सहयोगको माग गरियो। आर्थिक [redacted] नामावली पत्रिकामा प्रकाशित गर्ने र निश्चित रुपैयाँ सहयोग गर्नु हुनेको शिलालेखमा नाम राखिने सूचना जारी गरियो। जस अनुसार कीर्तिपुरवासी र बाघ भैरवप्रति आस्था हुने व्यक्तिहरूले आफ्नो इच्छानुसार आर्थिक सहयोग गर्न थाले। आर्थिक सहयोग गर्नेहरूको नामावलि विभिन्न पत्रपत्रिकामा प्रकाशित हुन थाले।

बाघ भैरवको मूर्ति बनाउन माटो लिन जाँदा पूरा कीर्तिपुर नै ओर्लिएको जस्तो गरी कीर्तिपुरका जनता सहभागी भए। उत्साहजनक रुपमा कीर्तिपुरवासीले आर्थिक सहयोग प्रदान गरिए। यसै सन्दर्भमा कीर्तिपुर नगरपालिका वडा नं. ३ नयाँबजार निवासी अमर काजी श्रेष्ठले पनि बाघ भैरव मुर्ति जिर्णोद्धार समितिलाई २०६९ श्रावण २२ गते रसिद नं. ८८८ बाट रु. २५,५२५/- पच्चीस हजार पाँचसय पच्चीस रुपैया सहयोग स्वरुप प्रदान गरियो। समय बित्दै गयो। विभिन्न पत्र पत्रिकामा सहयोग गर्नेहरूको नामावली प्रकाशित हुन थाल्यो। तर उहाँको नाम प्रकाशित भएन। हुँदा हुँदा अहिले पत्रिकामा नामावली प्रकाशित हुन पनि छाडे। उहाँको नाम ननिस्केपछि उहाँले कीर्तिपुर सन्देशमा रसिदको अधकट्टी सहित सम्पर्क राख्न आउनु भयो। सो कुराको जानकारी बाघ भैरव मुर्ति जिर्णोद्धार समितिका कोषाध्यक्ष भिम कुमार राजभण्डारीसँग कीर्तिपुर सन्देशले सम्पर्क राखी सो कुराको जानकारी गराइयो। उक्त नम्बरको रसिद उहाँकहाँ आइनपुगेको जानकारी पाइयो। उहाँका आइसकेको रसिद र रुपैयाको मात्र पत्रिकामा प्रकाशित भएको जानकारी दिनुभयो। उहाँलाई रसिद नम्बर ८८८ मिति २०६९/ ०४/२२ को बारेमा सत्य तथ्य बुझेर खबर गर्ने बचन दिनुभयो। उहाँबाट कुनै खबर नआएपछि समितिका एक सदस्य रामवहादुर महर्जनसँग सम्पर्क राखेर जानकारी लिंदा उक्त रसिद नं मा अर्कै मान्छेको नाम र रुपैया ५००० मात्र रहेको टेलिफोनबाट जानकारी प्राप्त भयो। अब सवाल उठ्छ रसिद नं.८८८ अन्तर्गत मिति २०६९/०४/२२ गते अमर काजी श्रेष्ठले बुझाउनु भएको रु.२५,५२५/- कहाँ गयो ? कि अमर काजी श्रेष्ठले नक्कली र सिद बनाएर नदिएको पैसा दिएँ भनेको हो कि ? या बाघ भैरव मुर्ति जिर्णोद्धार समितिको नाममा नक्कली सहयोग रसिद बनाएर आर्थिक ठगि गरिरहेको छ कि ? यस कुरामा जाँचबुझ गर्न जरुरी भएको छ। होइन भने कुनै पनि कामको लागि आर्थिक सहयोग माग्दा आर्थिक सहयोग दिन सोच्नु पर्ने भएको छ।

यसको बारेमा बाघ भैरव मुर्ति जिर्णोद्धार समितिले सत्य तथ्य छिट्टै बाहिर ल्याउनु पर्ने अमरकाजी श्रेष्ठले माग गर्नु भएको छ।

# नेवाः एकता दिवस भब्य रुपमा सम्पन्न, पार्टीको लाइन भन्दा फरक ढंगवाट प्रस्तूत

लागि पनि अग्रणी भूमिका निभाउन अनुरोध गर्नुभयो।

पहिचान सहितको संघियता र संघियता सहितको संविधानको लागि एमाओवादी अडिग रहेको बताउनु भयो । पहिचान सहितको संघियता विरोधीहरूकै कारण संविधान नआएको बताउदै उहाँले पहिचान सहितको संघियता प्राप्तिको लागि दवाव मूलक आन्दोलन चलाईरहनु पर्ने बताउनु भयो ।

संघिय समाजवादी पार्टीका अध्यक्ष अशोक राईले पहिचान सहितको संघियता र संघियता सहितको संविधान आजको जनताको माग भएकोले यो माग अवश्य पूरा हुने बताउनु भएको छ। संघीय समाजवादी पार्टी संविधानसभा पुनर्स्थापना गरेर संवैधानिक बाटोबाट राजनैतिक सहमति खोज्नु पर्ने पक्षमा रहेको बताउनु भयो ।

नेपाः राष्ट्रिय पार्टीका अध्यक्ष विज्ञान तथा वातावरण मन्त्री डा. केशवमान शाक्यले आफ्नो अधिकार सुनिश्चित गर्नको लागि र प्रतिगामीहरूलाई खवरदारी गर्न यो नेवाः एकता दिवस मनाउँदै छौं। हाम्रो लक्ष्य प्राप्ती नभएसम्म आन्दोलित भइरहनु पर्ने बताउनु भयो।

नेपाली कांग्रेसका केन्द्रिय सदस्य नरहरि आचार्यले नेवाः भनेको नेपालको पहिचान हो। नेवाः बाट नै नेपाल नामाकरण भएको हो। नयाँ संविधानमा पहिचान भएकै संघीयता हुनेछ तर त्यो संघीयता लोकतान्त्रिक मान्यता अनुसार नै हुनेछ। संघीयता भनेको सबैलाई समानता दिइने भएकोले कसैलाई पक्षपात गर्न नहुने बताउनु भयो । पार्टीले नेवाः स्वायत्त राज्यलाई स्वीकार नगरिरहेको अवस्थामा पनि उहाँले नेवाः राज्यको समर्थन गर्नुभयो ।

नेकपा एमालेका शिर्ष नेतालाई बोलाइएको भए पनि अनुपस्थित रहेर वैकल्पिक केन्द्रिय सदस्य जीवनराम श्रेष्ठलाई पठाईएको थियो । नेकपा एमाले पहिचान सहितको संघीयता पक्षमा नरहेपनि जीवनराम श्रेष्ठले पहिचान सहितको नेवाः राज्य हुनु पर्नेमा जोड दिनु भएको थियो। आफ्नो पार्टीको लाईन भन्दा पनि फरक ढंगवाट उहाँले नेवाः स्वायत्त राज्यको पक्षमा आफ्नो मत राख्नु भयो।

नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्य किरणले पठाउनु भएको शुभकामना पत्र सञ्चालकले पढेर सुनाउनु भएको थियो। उक्त पत्रमा पहिचान सहितको संघीयता आफ्नो राजनैतिक दस्तावेजमा समावेश गरी सकेको हुनाले नेकपा-माओवादी पहिचान सहितको संघीयतामा अडिग रहेको जानकारी दिनु भएको थियो।

कार्यक्रममा इसास कीर्तिपुरले सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो ।

























# महिना समयको एकाई

लब लाल प्रधान

तोकेको दिनको महिना हुँन आबश्यक

तथ्याङ्ग ठोस भौतिक बस्तुमा आधारित एकाईबाट हुनु पर्दछ तब स्टानडर्ड तथ्याङ्ग भनिन्छ।

तथ्याङ्ग दैनिक, मासिक, बार्षिक हुने गर्दछ। लुनार क्यालेण्डरको ३५४ दिनको बार्षिक तथ्याङ्ग हुन्छ भने सोलार क्यालेण्डरको ३६५ दिनको बार्षिक तथ्याङ्ग हुन्छ, यी दुईटा तुलना गर्न मिल्दैन, एउटा अर्को योजनामा प्रयोग गर्न मिल्दैन । अब ससांरभरि ३६५ दिनको बार्षिक तथ्याङ्ग प्रयोगमा आई राखेको छ। त्यसैले नेपाल सम्बतलाई पनि ३६५ दिनको बर्ष हुने सहायकको रुपमा सोलार क्यालेण्डर हुनु जरुरी पर्दछ। लुनार क्यालेण्डरमा दैनिक तथ्याङ्ग तिथीको नामबाट बन्दछ, हुन त अंकबाट पनि लेख्न सकिन्छ, पुर्णिमाको १५, औंसीको ३० गरेर, तर कहिले कहिँ तिथीको टुट अथबा बढी हुन्छ, दिन हराउँछ की बढी हुन्छ । यसले तथ्याङ्गमा असर पर्दछ। यसले दैनिक सरदर निकाल्दा फरक हुन्छ। त्यसकारण तथ्याङ्गको लागि अटुट भएको दिन तोक्ने अंक हुनुपर्दछ ।

मासिक तथ्याङ्गले महत्वपुर्ण भुमिका खेल्दछ । मासिक तथ्याङ्ग धेरै थरिको हुन्छ, जस्तै मासिक आम्दानी, मासिक खर्च, मासिक बजेट, मासिक उत्पादन,मासिक बिक्री, मासिक बिद्युत खपत, मासिक पानी खपत, मासिक टेलिफोन चार्ज, मासिक बर्षा, मासिक नदी डिस्चार्ज आदी आदी । १२ महिनाको एक बर्ष हुन्छ । ३५४ दिनको एक बर्ष अथवा ३६५ दिनको एक बर्ष हुन्छ, दुबै १२ ले ठयाक्कै भाग जादैन, दिनलाई टुका पार्न सक्दैन, त्यसैले बराबर दिनको महिना हुन सक्दैन । लुनार क्यालेण्डरमा २९ अथवा ३० दिनको variable day को महिना हुन्छ भने बिक्रम सम्बतमा २९,३०,३१ ३२ दिनको परिवर्तनसिल महिना हुन आउँछ। त्यसैले महिना कहिल्यै पनि स्टानडर्ड एकाई हुन सक्दैन। त्यसैले एउटा महिनाको मासिक तथ्यांक अर्को महिनामा प्रयोग गर्दा पुर्ण सफल हुन सक्दैन । तर तोकिएको दिनको महिना ईस्वी सम्वतमा जस्तो भएमा एउटा महिनाको तथ्याकं, अर्को बर्षको त्यहि महिनामा स्टानडर्ड जस्तो बन्न सक्छ । त्यसैले प्राबिधिक तबरले सफल हुन, तोकिएको दिनको महिना हुनु आबश्यक हुन आउँछ । एउटा उदाहरण लिउँ, एउटा पावर हाउसको मासिक उत्पादन महिनाको दिनहरुमा कति फरक र महत्व छ ।

| बर्ष | २०६० | २०६७ | २०६८ | २०६९ |
|---|---|---|---|---|
| उत्पादन | ९३००० | ९२००० | ९२५०० | ९४००० |
| दिन | ३१ | ३० | ३१ | ३२ |
| सरदर उत्पादन | ३००० | ३०६६ | २९६३ | २९३७ |

माथीबाट मासिक बिद्युत उत्पादन २०६७ मा घटी भएता पनि दैनिक सरदर उत्पादन बढी भएको देखाउँछ, २०६९मा मासिक उत्पादन बढटा भए पनि दैनिक सरदर उत्पादन घटेको देखायो । तर २०६८ मा दिन एउटै भएकोले उत्पादन घटेकै भन्न सक्दछ। त्यसैले राम्रो देखिएको भएपनि साँचैमा नराम्रो (दिन बराबर नभएको कारणले) हुँदो रहेछ। यस्तो उदाहरण धेरै छन्। त्यसैले ईस्वी सम्बत महिना प्राबिधिक बिकासको लागि काम लाग्दो छ।

त्यति मात्र होईन, आजकाल हरेक कम्प्युटरमा, लायपटपमा, मोबाईलहरुमा, घडीहरुमा स्वचालित मिति प्रदर्शन गर्ने भई राखेको छ। खबचष्वदभि दिन महिना भएकोले बिक्रम सम्बतमा यस्तो प्रकार ले प्रयोग गर्न सकिदैन। यति मात्र होईन, कुनै पत्र पत्रोचार गर्दा खेरी अटोमेतिकल्ली कम्प्युटरहरुमा ईस्वी सम्बतबाट नै मिति राखिन्छ र कुनै ईमेल आयो भने ईस्वी सम्बतको मिति, समय सम्म तोकीएको हुन्छ। यो बिक्रम सम्बतमा सम्भब छैन।

कुनै दिनको आधारमा गर्नु पर्ने कामहरु छ भने ईस्वी सम्बतबाट सजिलो र समय सदुपयोग हुने गर्दछ। बैकिगंकार्यहरुमा ब्याज हिसाब गर्दा बिक्रम सम्बत आजकाल प्रयोग गर्दैन, ईस्वी सम्बत बाटनै गर्ने गर्दछ। बिना क्यालेण्डर हरेक बच्चाले आज १ तारिख भन्न सक्दछ, तर बिक्रम सम्बतमा हुन सम्भब छैन।

त्यसैले नेपाल सम्वत लुनार क्यालेण्डर भएको हुँदा , दिनहरु तोकिएको महिना राखी ३६५ दिनको बर्ष बनाईएको सोलार क्यालेण्डर , सहायक क्यालेण्डरको रुपमा,सिस्टर क्यालेण्डरको रुपमा नेपाल सम्बत सगैं जानु अत्याबश्यक छ। यो नेपाल सम्बतको अर्को पक्षमात्र हुनेछ, नयाँ रुपमा होईन, त्यसैले यसका महिनाको नामहरु नेपाल सम्वत महिनाकै नामहरु हुनु अत्याबश्यक छ।

नेपाल सम्बतको नयाँ बर्ष न्हुँ दँ र म्ह पुजा कार्तिक शुक्ल प्रतिपदा बिहान सूर्योदय हुँदा शुरु हुन्छ। तर यो परिबर्तनसिल छ, अक्टोबर १९ र नाभेम्बर १६ को बीचमा पर्दछ। त्यसैले अक्टोबर ३० मा कछला १तास गर्यो भने, कछला १ तास र कछलाथ्व प्रतिपदा १२, १३ दिन यताउता पर्दछ। महिना दिन नै फरक पर्दैन। यति मात्र होईन, आजकाल मानिसहरु बिक्रम सम्बतको मिति, जन्म पत्रिका बनाउँनलाई,ईस्वी सम्वत मितिमा बदल्न हैरान भई राखेका छन्, यसले गरेर नागरिकता गडबड भएर पनि दुख पाई राखेका छन्।

त्यसैले सजिलै सित बदल्न अक्टोबर ३०लाई कछला १तास बनाउने, फरवरी महिना सिल्ला हुने हुँदा सिल्लालाई नै लिपयोर महिना बनाई एक दिन थप्ने गर्ने,र पहिलो महिना र मेजर आक्सीस र माईनर आक्सीस मा पर्ने महिनाहरु पोंहेला, च्वला, देला र कौला ३१को गर्ने। यो एकदम सरल र सम्फन सजिलो हुन्छ, जस्तै १,३,६,९,१२ ३१ को हुने। यसो गर्दा सिल्ला ३१ र फरवरी२९ एकै दिन पर्न जान्छ, तास र तारिखमा घट बढ भई राख्दैन, बदलीदैन। हुन त अरुपनि किसिम डिसेम्बर २३, मार्च २१, जुन २१, सेप्टेम्बर २२ अगांलेको महिना तल उल्लेख गरेको छ ।

| | पहिलो दिन | किसिम १ ता: | दोश्रो दिन | किसिम १ ता: | तेश्रो दिन | किसिम १ ता: |
|---|---|---|---|---|---|---|
| कछला | ३१ | अक्टोबर३० | ३१ | अक्टोबर३० | ३१ | अक्टोबर२३ |
| थिंला | ३० | नोभेम्बर३० | ३१ | नोभेम्बर ३० | ३० | नोभेम्बर २३ |
| पोंहेला | ३१ | डिसेम्बर ३० | ३० | डिसेम्बर ३१ | ३० | डिसेम्बर २३ |
| सिल्ला | ३० | जनवरी३० | ३० | जनवरी ३० | २९ | जनवरी २२ |
| चिल्ला | ३० | मार्च १ | ३१ | मार्च १ | २९ | फरवरी २० |
| च्वला | ३१ | मार्च ३१ | ३० | अप्रिल १ | ३० | मार्च २१ |
| बछला | ३० | मे १ | ३० | मे १ | ३१ | अप्रिल २० |
| तछला | ३० | मै ३१ | ३१ | मे ३१ | ३१ | मे २१ |
| देला | ३१ | जुन ३० | ३० | जुलाई १ | ३१ | जुन २१ |
| गुँला | ३० | जुलाई ३१ | ३० | जुलाई ३१ | ३१ | जुलाई २२ |
| ञँला | ३० | अगस्त ३० | ३१ | अगस्त ३० | ३१ | अगस्त २२ |
| कौला | ३१ | सेप्तेम्बर २९ | ३० | सेप्तेम्बर ३० | ३१ | सेप्तेम्बर २२ |
| कछला | ३१ | अक्टोबर ३० | ३१ | अक्टोबर ३० | ३१ | अक्टोबर २३ |
| ३१ दिन | | १,३,६,९,१२ | | १,२,५,८,११ | | १,७,८,९,१०,११,१२ |

किसिम एकमा अक्टोबर ३० कछला १तास हुने, र १, ३,६,९,१२ महिना ३१ दिन हुने। किसिम २ अक्टोबर ३० कछला १ तास हुने र १ २,५,८,११ मा ३१ दिन हुने र यसमा डिसेम्बर२३,मार्च२१,जुन २१, सेप्टेम्बर २२, यी महिनाहरुमा पर्नै। तेश्रो किसिम मा कछला १ तास अक्टोबर २३ मा पन डिसेम्बर २३, मार्च २१, जुन २१, सेप्टेम्बर२२ हरुमा १ तास पर्ने,र १,७,८,९,१०,११,१२ महिनाहरुमा ३१ पर्ने हुन्छ। यसमा सिल्ला ३१ र फरवरी २९ एकै दिन पर्दैन। त्यसैले लिपयोरमा ११ दिन तास र तारिखमा गडबड हुन्छ । यी तीन किसिममा पहिलो किसिमनै सबभन्दा राम्रो हुन्छ।

महिना समयको एकाई बन्न सक्दैन, तर तोकिएको दिनको मासिक तथ्याकं कुनै अबस्थामा एकाई बन्न सक्दछ। यसैको आधारमा ससांरभरि फैलिएको छ। यस्तै आधारको मासिक तथ्याकंले प्राबिधिक बिकासमा मद्दत मिलि राखेकोछ । यहि तोकिएको दिनको महिनाले ईस्वी सम्वतको प्रयोग फैलिएको छ, बिक्रम सम्बत जहाँबाट शुरु भएको छ, उही भारतमा ईस्वी सम्बत लागु गरेको धेरै बर्ष भईसक्यो। नेपाल सम्बत १००० बर्ष लागु भएर पनि बिक्रम सम्बतले हटाईएको थियो। अब त्यही नेपाल सम्बत सोलार क्यालेण्डरको मद्दतले फेरी प्रयोगमा ल्याउँन सकिन्छ।


# हार्दिक श्रद्धाञ्जली

जन्मः
वि.सं.२०१२/०२/११



निधनः
वि.सं. २०६९/०९/२२

**स्व. जुजुभाइ महर्जन**

यस यस सहकारीका शेयर सदस्य श्री राम महर्जनका पुज्यनिय पिता **जुजुभाइ महर्जन** ५७ वर्षको उमेरमा यही २०६९ पुस २२ गते असामयीक स्वर्गारोहण भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**श्री बालकुमारी वचत तथा ऋण सहकारी संस्था लि.परिवार**

नगाउँ, कीर्तिपुर –१६ फोन नं. ४३३६२८६

## हैन त ? –निरज




# कीर्तिपुर नगरपालिकाका कर्मचारीमाथि हातपात

आजकल काठमाडौंमा फोहर व्यवस्थापन एउटा समस्याको रुपमा रहेको छ। विभिन्न गैरसरकारी संघ/ संस्थाले घरधुरीको हिसावमा शुल्क असुलेर फोहर उठाउने गरिएका छन। फोहर त उठाउँछ त्यो फोहर व्यवस्थापन गर्ने ठाउँको अभावले जथाभावी फोहर फाल्ने गर्दै आएका छन । यसै सन्दर्भमा कीर्तिपुर नगर पालिका वडा नं.१३ मोडर्न इन्डियन स्कुल जाने बागमती किनार मा फोहर फाल्ने गरिएको पाइयो। नगरपालिका क्षेत्रभित्र फोहर फाल्न नगरपालिकाको अनुमति लिनु पर्ने थियो । गत माघ ४ गते नगरपालिकाको अनुमति बेगर नगर क्षेत्र बाहिरको फोहर मोडर्न इन्डियन स्कुल जाने वागमती किनारमा फाल्दै गर्दा स्थानीयवासीहरूले बा १ क ८४३७ र बा २ ख ४२०५ ट्रिपर नियन्त्रणमा लिई कि.न.पामा जानकारी दिइयो । अपरान्ह ४.३० बजे न.पा. को अनुगमन टोली सो स्थानमा पुगी निरिक्षण गरी सो गाडीहरूलाई सचेत पत्र थमाई कारवाही गरेको छ । अनुगमन टोलीले सचेत पत्र दिँदै गर्दा स्थानीय किशोर कार्की सहितको समूहले न.पा.को संलग्नतामा सो फोहर डम्पिङ्ग भैर हेको भन्दै अनुगमन टोलीमाथि हातपात समेत गरेका थिए । अनुगमन टोलीले उक्त गाडीको सवारी धनी पत्र समेत नियन्त्रणमा लिई कारवाही अगाडी बढाएको छ। गाडीहरूलाई कारवाही गरि रहँदा पनि नगरपालिकाको संलग्नतामा फोहर फाल्न लगाएको भनी कर्मचारीमाथि हातपात गर्नुको पछाडी रहस्य लुकेको स्थानीयवासीहरू नै शंका गर्न थालेका छन ।

# योग्यता परीक्षा -२०६९ मा सहभागी विद्यार्थी संख्या

२०६९ सालको एस एल सी परीक्षाको लागि गत माघ ४ गतेदेखि कक्षा १०को योग्यता परीक्षा (टेस्ट परीक्षा) सुरु भएको छ। उक्त परीक्षामा कीर्तिपुर क्षेत्रका कुन विद्यालयबाट कति जना पर िक्षार्थी सामेल भएका छन सो को विवरण यस प्रकार छन।

१. सामुदायीक विद्यालय तर्फ - १. जनसेवा उच्च मा.वि. -५२, २.मंगल उच्च मा.वि.-४० ३. बालकुमारी मा.वि.-२६ ४. आदिनाथ मा.वि.-२४ ५.बाघ भैरब मा.वि.-२४ ६. कीर्तिपुर मा.वि.-२३, ७. विश्व रा.मा.वि. -१८, ८. वैष्णवी मा.वि.- ११, ९. गोरखनाथ मा.वि.- १०. जम्मा २२८ जना २. शैक्षिक गुठी (पेट्सान) तर्फ १.र ाहिल स्कुल– ६२, २. हिलटाउन स्कुल-४०, ३. पाँगा मा.वि.-३९, ४. एपीएफ स्कुल- २५, ५.सल्यानथान मा.वि.-१० जम्मा १७६ जना ।

३. नीजि तथा आवासीय विद्यालय (प्याब्सन) १. पुष्प सदन आ.मा.वि.-१०९, २. लेबोरेटरी स्कुल - ६१, ३. उज्ज्वल शिशु निकेतन- ५६, ४. ग्रीन भिलेज फाउण्डेशन-४०, ५.क्रियटीभ एकेडेमी-३३, ६.कीर्ति सेकेण्डरी बोर्डिग स्कुल-१८. ७. शुभकामना एकेडेमी-१८. ८. साउथ भ्याली स्कुल-१६, ९. मेगस ईगलीस स्कुल- १५. १०. कीर्तिपुर ईंगलीस स्कुल-१४, ११. बाघभैरव बोर्डिंग स्कुल-१२, १२. गोल्डेन रेज स्कुल-८, १३. ग्रीन भिलेज- ८ जम्मा ४०८ जना ।कूल विद्यार्थी संख्या ८१२ जना


'पहिला मान्छेले रक्सी पिउँछ, त्यसपछि रक्सीले रक्सी पिउँछ, अन्त्यमा रक्सीले मान्छेको जीवन नै सिध्याउँछ '

**कीर्तिपुरमा पहिलो पटक जाँड–रक्सी, चुरोट, गाँजा, सुर्ति तथा ड्रग्स छुटाइन्छ**

दुब्लो–पातलो कमजोर शरीरको मोटोपना बढाइन्छ

चुरोट छुटाउने ELECTRONIC (चुरोट)

7 cm सम्मलिङ्गको लम्बाई, मोटाइ, उत्तेजना बढाउन र शिघ्रस्खलन रोक्न ।

सम्पर्क

फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग

फोन नं. ४३३६७०१, ९८०३५०२२५९

*नोटः यो विज्ञापन कटिङ्ग लिएर आउनेलाई १० प्रतिशत छुटको व्यवस्था छ ।*


**भूल सुधारः** कीर्तिपुर सन्देशको अंक ७६ मा समवेदना मा देयू धुकू बहुउद्देश्यीय हुनुपर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको छ । (सं)

# कीर्तिपुर बहुउद्देश्यीयको बाह्रौं साधारण सभा सम्पन्न



"सामाजिक तथा आर्थिक रुपान्तरणको लागि हाम्रो सहकारी" भन्ने नाराका साथ कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि. को १२औं वार्षिक साधारण सभा गत माघ ६ गते शनिवार काभ्रेजिल्लाको धुलिखेलमा सम्पन्न भयो । संस्थाका अध्यक्ष श्री रमेश महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि काठमाडौं जिल्ला सहकारी संघका अध्यक्ष तथा राष्ट्रिय सहकारी बैंकका प्रबन्ध सञ्चालक के बी. उप्रेती रहेका थिए। अन्य अतिथिहरूमा कीर्तिपुरनगर पालिकाका कार्यकारी अधिकृत श्री रामलाल श्रेष्ठ, कीपू बचत तथा ऋण सहकारीका सिद्धिकुमार मानन्धर रहेका थिए

प्रमुख अतिथिले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नु भएको उक्त सभामा उपाध्यक्ष पवन जोशीले स्वागत मन्तव्य राख्नु भएको थियो। अतिथिहरू सिद्धिकुमार मानन्धर, रामलाल श्रेष्ठ, प्रमुख अतिथि के.वी. उप्रेतीले शुभकामना मन्तव्य दिनु भएको थियो।

उक्त साधारण सभाको बन्दशत्रबाट आगामी कार्यकालका लागि सञ्चालक समिति तथा लेखा समितिका सबै सदस्यहरू निर्वाचित भएका थिए । जस अनुसार अध्यक्ष- रमेश महर्जन, उपाध्यक्ष-दिलवहादुर महर्जन, सचिव- सञ्चित डंगोल, कोषाध्यक्ष- जनकलाल महर्जन, पदेन सदस्य-हरिशरण महर्जन, अन्य सदस्यहरू- राजन दुवाल श्रेष्ठ, अशोक महर्जन, रामबाबु विष्ट र शोभा महर्जन चयन भएका थिए । त्यसैगरी लेखा समितिका संयोजकमा राजेन्द्र कुमार महर्जन'पुता', सदस्यहरूमा अर्जुन बहादुर थापा, लक्ष्मी महर्जन चयन भएका थिए। निर्वाचित सदस्यहरूलाई प्रा.डा. श्रीकृष्ण श्रेष्ठ, प्रा.डा. रामकृष्ण महर्जन, हिराकाजी महर्जन, कीर्तिपुर न.पा.का लेखा अधिकृत सानुवावु परियार लगायतले अबिर, फूलमाला तथा खाडा लगाएर बधाई एवं आगामी कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गरेका थिए। धन्यवाद मन्तव्य हरिशरण महर्जनले गर्नु भएको थियो।


# सूचना

**(प्रथम पटक प्रकाशित २०६९ माघ १० गते बुधवार)**

**यस सहकारी संस्था लि.का सदस्यहरूले विभिन्न मितिमा लिएका कर्जाहरूको म्याद नाघेकाहरूलाई पटकपटक लिखित, मौखिक रुपमा कर्जाको साँवा/व्याज चुक्ता गर्नको लागि पत्राचार गर्दा पनि कर्जा चुक्ता गर्न बाँकी भएकाहरूले यो सूचना प्रकाशित भएको १५ दिनभित्र कर्जा चुक्ता गर्न आउन यो सूचना प्रकाशित गरिएका छ । समयमा कर्जा चुक्ता गर्न नआउने कर्जावालाहरूका हकमा तीन पुस्ते नामावली सहित प्रकाशन गरी कालोसूचीमा राख्न बाध्य हुने व्यहोरा जानकारीका साथ यसबाट पर्न जाने असुविधा कर्जावाला स्वयम्ले व्यहोर्नु पर्ने जानकारी गराइन्छ ।**

प्रवन्धक/सचिव

## पाँगा बहुउद्देश्यीय सहकारी संस्था लि.

ढोकासी,पाँगा कीर्तिपुर-९


## कवि जकःमिद्वारा पवित्र कुटी विहारलाई आर्थिक सहयोग

गत माघ ९ गते मंगलवार कवि राजभाइ जकःमिले आफ्नो बुबा स्व.तुयू महर्जनको सम्झनामा पाँगा भुजिन्दमा रहेको पवित्र कुटी विहारलाई रु.१० हजार सहयोग गर्नु भएको छ । हरेक महिनाको एकादशिका दिन पवित्र कुटी विहारमा बुद्ध पुजा गर्दै आइरहेको छ। उक्त दिन पनि बुद्ध पुजाको अवसरमा राजभाइ जकःमिले विहारका प्रकाशराम महर्जनलाई नगद रु.१० हजार नगद प्रदान गर्नु भएको थियो।




## "Excellency in Education"

Ujjwal Shishu Niketan Academy (USNA ), a leading school in south-belt of Kathmandu offers

i) New admission for limited seats in **Play Group & Nursery.** Hurry Up to grab the opportunity.

ii) Applications for the post of HOSTEL WARDEN, COPMUTER ASSISTANCE. Sound English base and Computer Knowledge are required.

iii) Applications for the post of **Play Group & Pre-primary Teachers** for new academic session 2070. Sound English background and Montessori Training are compulsory.

(Necessary counseling and orientation are provided for newly trained but non-experience candidates)

Contact: 4330300 / 4333529

Principal, USNA